

# अम्बरको धुन

Pranika Koyu, Pranika Koyu

Pallavi Payal, Sapana Sanjeevani, Sapana Sanjeevani, Pallavi Payal

Let's Read
The Asia Foundation




म, अम्बर हुँ ।
मेरा आमा र आत्थोले मलाई धेरै माया गर्नुहुन्छ ।
आमाले मलाई मायाले “कोला” भन्नुहुन्छ ।
आत्थोले चाहिँ “बाबा” भन्नुहुन्छ ।



म बिहान ५ बजे नै उठ्छु ।

आमाले मलाई गीत सुनाउनुहुन्छ, कपाल कोरिदिनुहुन्छ, र मुख धोइदिनुहुन्छ ।

अनि म आत्थोसँग हिँड्दै भान्सामा जान्छु । आत्थो र म सँगै खाजा खान्छौँ ।



त्यसपछि मलाई आमाले बाहिर फूलबारीमा लानुहुन्छ । आमाले बिरूवाहरूमा पानी लगाउनुहुन्छ ।



म मेरो ह्विलच्येरमा बसेर यताउता हेर्छु ।
यसपछि म आत्थोसँग तल आँगनबाट माथि छतसम्म हिँडेर जान्छु ।



अनि मेरो ठूलो गुलाबी जिम बलमा बसेर उफ्रिन्छु । उफ्रिँदा मलाई रमाइलो लाग्छ ।



बिहानको ९ बजे आमा, म र आत्थो स्कुटर चढेर मेरो विद्यालय जान्छौँ ।



त्यहाँ आमाले मलाई माला नानासँग छाडेर जानुहुन्छ । माला नाना मसँगै कक्षामा बस्नुहुन्छ । बिना मिस र अरू बच्चाले जे–जे गर्छन्, उहाँले मलाई त्यसै गर्न सिकाउनुहुन्छ ।

माला नाना मेरो मात्र हो ।

बिना मिस चाहिँ सबैको हो ।



मेरा साथीहरूले मलाई आफूसँगै खेलाउँदा म जहिले पनि सुत्छु । उनीहरूचाहिँ मेरो जीउमा आमा र आत्थोले जस्तै छाम्छन् । मलाई भने काउकुती लाग्छ ।

हाम्रो खेल्ने ठाउँमा अरु बच्चाहरू यताउता दगुरिरहन्छन् । म चाहिँ आफ्नै ह्विलच्येरमा बसिरहन्छु । उनीहरू मजस्तै एक्कै ठाउँमा बस्दैनन्, किन होला ?



बाहिर चौरमा ट्राम्पोलिन राखिएको छ ।
मलाई त्यसमा राख्दै मेरा वरिपरि उनीहरू उफ्रिन्छन् । उनीहरू उफ्रँदा हामी सबै हल्लिन्छौँ । मलाई त निक्कै रमाइलो लाग्छ ।
माला नाना र अरू मिसले हामीलाई हेरिरहनुहुन्छ ।



तर सबै साथी ट्राम्पोलिनमा उफ्रिन आउँदैनथे । मलाई त्यहाँ राख्ने बित्तिकै अजय उफ्रिँदैनथ्यो ।

ऊ त माला नानासँग कुरा गर्दै बस्थ्यो ।

कुरा गर्दागर्दै मलाई पुलुक्क हेर्थ्यो ।

अर्को पटक पेम्बा र मोहनले पनि त्यसै गरे ।

"ऊ हामी जस्तो किन छैन ?"

"उसलाई अब नल्याउनुस् ।"

"ऊ हाम्रो साथी हैन ।"



उनीहरू र मैले गर्ने कत्ति कुरा मिल्दैन । जस्तै, बिना मिसले हामीलाई फूलको नक्सा दिनुभयो । हामी सबैलाई त्यसमा रङ्गाउन लगाउनुभयो । रिया, नुगः र तेन्जिनले बुरुसले रङ्ग भरे । मैलेचाहिँ हातमा रङ्ग दलेर ढ्यापढ्याप हानेँ ।



माला नानाले त्यो फूल आमालाई दिनुभयो ।
आमा हाँस्नुभयो ।



खाजा खाने बेला हामी सबैलाई हाम्रो प्लेटमा खाना आउँछ । सबै जना कपाकप खान्छन् । म त आमाले घरबाट पठाउनुभएको खाना मात्रै खान्छु ।

माला नानाले विद्यालयको खाना खुवाउनुहोला भनेर म त मुखै खोल्दिन । मैले नखाएपछि त्यो खाना रोहण र आभाले बिना मिसलाई सोधेर खान्छन् ।

त्यसैले, खाजा खाने बेलामा रोहण र आभा सधैँ मेरो नजिक बस्छन् ।



दिउँसो मलाई आमाले विद्यालयमा लिन आउनुहुन्छ । हामी दुवै जना विद्यालय बाहिरको सडकमा निकै लामो समयसम्म उभिन्छौं। आमाले धेरै गाडीहरूलाई रोक्ने प्रयास गर्नुहुन्छ। उनीहरू प्रत्येकलाई रोक्न भन्नुहुन्छ, तर उनीहरू रोक्दैनन् ।

“ठाउँ छैन !”




“ट्याक्सीमा लानुस् !”




“५०० लाग्छ !”




हामी कहिले बसबाट, कहिले ट्याक्सीबाट घर फर्कन्छौँ ।

म बाटोभरि झ्यालबाट बाहिर हेरिरहन्छु ।

आमाले मलाई चुपचाप पक्रिरहनुहुन्छ ।



एक दिन बिराएर हामी तीनै जना एक ठाउँमा जाने गर्छौं । मेरो विद्यालय बाहेक अर्कै ठाउँमा । त्यो एकदमै टाढा छ । त्यहाँ पुग्दासम्म त म निदाइसकेको हुन्छु । मलाई त त्यहाँ जानै मन लाग्दैन । त्यहाँ मलाई मञ्जित अङ्कल र रिना आन्टीले के के गर्न लगाउनुहुन्छ ।



घरमा त्यही कुरा आत्थो र आमाले दोहो¥याएर गराउनुहुन्छ ।
मैले गर्न मान्दै मान्दिन । उहाँहरू ठूलो स्वरले कराउनुहुन्छ ।
म रुन्छु तर मैले त्यो गरेकै हुनुपर्छ ।
त्यो ठाउँ गएको दिन आमा र आत्थोको अनुहार नै अँध्यारो हुन्छ । आत्थोले मलाई पक्रेर लामो–लामो सास फेर्नुहुन्छ ।




आमाले सधैँ एउटा ठूलो कागज पढ्नुहुन्छ ।
म छेउमा बसेर सुन्ने गर्छु ।
एक दिन पढ्दापढ्दै उहाँले त्यो कागजलाई भुइँमा फ्याँक्नुभयो ।
अनि मलाई समातेर रुनुभयो ।
यसपछि, धेरै दिनसम्म आमाले मसँग कुरै गर्नु भएन ।
थाहा छैन किन मेरी आमा र आत्थोले किन यस्तो गर्नुहुन्छ ?



साँझ, हामी सबै जना सँगै खाना खान्छौँ । त्यसपछि, आत्थोले गितार बजाउनुहुन्छ । आत्थोले मलाई गितार बजाउन दिनुहुन्छ । म हातले झ्याङ–झ्याङ बजाउँछु । आमा मलाई हेर्दै हाँस्नुहुन्छ । गालामा माया गर्नुहुन्छ ।





राति सुत्ने बेला, आत्थोले मेरो कपाल कोरिदिने, मुख धोइदिने, दाँत सफा गरिदिने र कपडा फेरिदिने गर्नुहुन्छ ।



मेरो नीलि कछुवा र मलाई सँगसँगै छेउमा सुताएर आमा आफ्नो कापीमा लेख्नुहुन्छ ।

लेखिसकेपछि मलाई त्यो पढेर सुनाउनुहुन्छ । म आमाको हात समातेर कथा सुन्दै, हाँस्दै सुत्छु ।



मङ्सिर २१, २०७५

प्यारो कोला,

आज मलाई बिना मिसले विद्यालयमा बोलाउनुभयो । तिमीले किबोर्ड बजायौ भन्नुभयो ।

म छक्क परेँ । सविना तमाको घरमा तिम्रो स्पर्श दादाले किबोर्ड बजाएको थियो । किबोर्ड सुनेर तिमी मख्ख परेका थियौ । त्यसैले उसले आफ्नो सानो किबोर्ड तिमीलाई उपहार दिएको थियो । घरमा तिमीले त्यसलाई आफ्नै तरिकाले बजाउँथ्यौ । अनि खुसी भएर तिमीले त्यसलाई उचाल्न खोज्दा धेरैचोटि भुइँमा खस्थ्यो । एक दिन त्यो बाजा फुट्यो ।

आज, तिम्रो विद्यालयमा नगेन्द्र सरको छेउमा किबोर्ड रहेछ

। तिमीले त्यसलाई तानेछौ । सरले किबोर्ड तिम्रो अगाडि राखिदिनुभएछ अनि तिमीले बिस्तारै बजाएछौ । तिमीले किबोर्ड बजाउँदा तिम्रा साथीहरूले ताली बजाए रे, नाचे रे । अनि सबैले "अम्बर हाम्रो साथी हो !" भने रे ।

प्यारो कोला, अब तिमीले तिम्रो धुन पायौ । अब तिम्रो धुन सबैले सुन्नेछन् । हामी सबैले तिम्रो धुन सुन्नैपर्छ ।

## Brought to you by

**The Asia Foundation**

Let’s Read is an initiative of The Asia Foundation’s Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*अम्बरको धुन (Ambar’s Song)*, Author: Pranika Koyu. Illustrator: Pallavi Payal, Sapana Sanjeevani, Sapana Sanjeevani, Pallavi Payal. Published by The Asia Foundation - Let’s Read, The Asia Foundation - Let’s Read, © The Asia Foundation - Let’s Read, The Asia Foundation - Let’s Read. Released under CC-BY-NC-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2022. Some rights reserved. Released under CC-BY-NC-4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/